नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ८० २०७८ साल कात्तिक ३ गते बुधबार (20 Oct. 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार**

लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ । लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्री वितरण तथा सेवन कानूनत: दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बाढी, पहिरो, डुबान : ६ को मृत्यु, ३ पृष्ठमा : चितवन राष्ट्रिय निकुञ्जमा ... ३ पृष्ठमा उत्तर कोरियाले फेरि क्षेप्यास्त्र..

## एक महिना भित्र सडकहरुको निर्माण सम्पन्न गर्न मन्त्री यादवद्वारा निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले सरोकारवाला निकायका प्रमुख तथा पदाधिकारीहरुलाई एक महिना भित्र सप्तरीका सम्पूर्ण अधुरा सडकहरुको निर्माण कार्य सम्पन्न गर्न निर्देशन दिएकी छिन् ।

सोमबार राजविराजमा आयोजित अन्तरक्रिया कार्यक्रममा मन्त्री यादवले सो निर्देशन दिदै जिल्ला सदरमुकाम जोड्ने ती अधुरा सडकहरुको निर्माण कार्य बारे जानकारी समेत लिइन् ।

उनले योजनाहरु अधुरो हुनुको कारणबारे जवाफ माग्दै एक महिना भित्र परिणाम आउनु पर्ने बताउँदै समयमा कार्य सम्पन्न नभए त्यस्ता कम्पनीलाई कालोसूचीमा राखेर कारबाही गरिने चेतावनी पनि दिइन् ।

जसपाका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा आयोजित अन्तरक्रियामा प्रदेश २ का अर्थमन्त्री शैलेन्द्रप्रसाद साह, समाजिक विकास मन्त्री नवलकिशोर साह, प्रदेश सभा सदस्य मनिष सुमन, अभिषेक यादव, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, सडक डिभिजन कार्यालय लहानका डिभिजन प्रमुख राम कुमार देव, हुलाकी सडक परियोजना ईटहरीका प्रमुख बिजय थापा, सडक सुधार तथा बिकास आयोजना बर्दिबासका प्रमुख सुनिल रंजितकार, सप्तरीका बिभिन्न सरकारी कार्यालयका प्रमुखहरु, जनप्रतिनिधिहरु, निर्माण कम्पनीका प्रतिनिधिलगायतको सहभागिता रहेको थियो ।

## हावासँगै लगातारको वर्षाले धानबालीमा क्षति



**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

सोमबार साँझदेखी हावाहुरीसँगै लगातारको बर्षाले सप्तरीका अधिकांश धानबालीमा क्षति पुगेको छ । जसकारण किसानहरु चिन्तित भएका छन् ।

धान काट्ने बेलामा चलेको हावाले धानबाली खेतमै ढलेपछि वर्षाका कारण जमेको पानीमा धानबाली गलेको छ ।

निकै महिनेतका साथ उब्जाएको बाली अन्तिम समयमा आएर वर्षाका कारण नष्ट भएपछि किसानहरु निकै चिन्तित भएका छन् । धानबाली काटेर खेतमै छाडेकोले उठाउन नसक्दा किसानहरु झनै मर्कामा परेका छन् ।

बेमौसमी वर्षाका कारण सबैजसो नगर र गाउँपालिकामा धानबालीमा समेत क्षति पुगेको छ । मलेकपुरका किसान जिवछ दासले त्यस क्षेत्रमा मात्रै करिब १५ विगहा खेतको धान नष्ट भएको सुनाए ।

यस्तै क्षति जिल्लाका विभिन्न

***बाँकी अन्तिम पृष्ठमा***

## वर्षाको पानीको निकास नहुँदा नगर जलमग्न




**दैनिक समाचारदाता**
**राजविराज, २ कात्तिक ।**

सोमबार रातीदेखीको चलेको हावासँगै भइरहेको अविरल वर्षाका कारण राजविराज नगरको अधिकांश सडक तथा टोलहरु जलमग्न भएका छन् ।

वर्षाको पानीको उचित निकास हुन नसक्दा राजविराज नगरपालिकाको बजार क्षेत्रमा डुवानमा परेका हुन् । राजविराजस्थित सिरहा रोड, अदालत रोड, पानी ट्याङ्कि रोड, गजेन्द्र चौक, दशन चौक, रुपनी रोड लगायत क्षेत्र जलमग्न भएको छ ।

वर्षाको पानीले सडक मात्र नभएर बृहत जनाधार व्यवस्थापन कोशी फिल्ड सेन्टर, कृषि ज्ञान

***बाँकी अन्तिम पृष्ठमा***




अनुरोधकर्ता : सुरुङ्गा नगर कार्यपालिकाको कार्यालय, सप्तरी सप्तरी

# बाढी, पहिरो, डुबान : ६ को मृत्यु, २३ सम्पर्कविहीन

काठमाडौँ, २ कात्तिक (रासस)।

अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परी मुलुकका विभिन्न जिल्लामा छ जनाको मृत्यु भएको छ। अन्य पाँच जना घाइते भएका छन्।

गृहमन्त्रालयका अनुसार पहिरामा परेर २३ जना सम्पर्कविहीन भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मृत्यु हुनेमा कालिकोट र डडेलधुराका एक/एक, सुनसरी र डोटीका दुई/दुई जना छन्।

पहिरो खसेर बझाङको थलारा गाउँपालिका-४ मा सात घरका २३ जना सम्पर्कविहीन भएका छन्। सो क्षेत्रमा विद्युत् तथा टेलिफोन सम्पर्कसमेत विच्छेद भएकाले घटनाको यकीन विवरण आउन नसकेको पोखरेलले बताउनुभयो।

बझाङका सहायक प्रमुख जिल्ला अधिकारी रामराज गौतमका अनुसार उक्त क्षेत्रमा प्रहरीको टोली घटनास्थलमा गएको भए पनि पुग्न सकेका छैनन्। एक किलोमिटर माथिबाट पहिरो खसेर घर बगाएको जानकारी प्राप्त भएको उहाँले बताउनुभयो। अहिलेसम्म कञ्चनपुरलगायत विभिन्न जिल्लाका ५०० जनाको उद्धार गरिएको छ।

अहिलेसम्मको प्राप्त विवरणमा बाढी, पहिरो र डुबानबाट मुलुकका १९ जिल्ला प्रभावित भएको छ। त्यसमध्ये १५ जिल्लाका अधिकांश राजमार्ग तथा विद्युत् र फोनसेवासमेत अवरुद्ध भएको छ। भौतिक क्षति धेरै भएको जनाइएको छ।

महाकाली नदीको खतराको तह सात मिटर रहेकामा झण्डै नौ मिटरमा बगिरहेको जनाइएको छ। मनसुनी वायु प्रणाली बाहिरिएका बेला छुट्टै खालको नयाँ प्रणाली विकास भएर तहसनहस भएको छ। कृषिमा ठूलो असर गरेको प्राधिकरणका प्रमुख पोखरेलले बताउनुभयो।

मंगलबारको मध्यरातपछि भने पूर्वतर्फ सर्दै आइ गण्डकी, लुम्बिनी हुँदै वाग्मतीका दक्षिणी भेग र मध्य क्षेत्रमासमेत प्रभाव पार्ने देखिएको छ। यस्तै प्रदेश १ को उत्तरी भूभाग तथा प्रदेश २ मा समेत वर्षा हुने भएकाले उच्च सतर्कतामा रहन स्थानीय प्रशासन र सुरक्षा निकायलाई निर्देशन गरिएको छ।

**गृहमा विपद्को आकस्मिक बैठक**

मुलुकको पश्चिम क्षेत्रमा बाढी, पहिरो र डुबानका कारण ठूलो जनधनको क्षति भएपछि गृहमन्त्रालयमा मंगलबार साँझ विपद् व्यवस्थापनसम्बन्धी आकस्मिक बैठक बसेको छ। बैठकमा गृहमन्त्री बालकृष्ण खाँडले राहत र उद्धारमा तत्कालै परिचालन हुन, विस्थापितलाई अस्थायी आश्रयस्थलमा सुरक्षित साथ राख्न र अवरुद्ध भएका सडक, विद्युत् तथा टेलिफोन सेवा तत्काल सञ्चालन गर्न निर्देशन दिनुभएको छ। बैठकमा कृषि क्षेत्रमा भएको क्षतिलगायत समग्रको विवरण सङ्कलन कार्य तीव्र पार्ने निर्णय पनि गरिएको छ। छलफल विपद् व्यवस्थापन कार्यकारी समितिको बैठक छिट्टै गर्ने निर्णय पनि भएको पोखरेलले जानकारी दिनुभयो।

बैठकमा गृहमन्त्रीले प्रभावित क्षेत्रमा उद्धारका लागि हेलिकप्टर राख्न निर्देशन दिनुभएको छ। सरकारी हेलिकप्टरले नपुगेमा निजी क्षेत्रको हेलिकप्टर पनि तयारी अवस्थामा राख्न उहाँले निर्देशन दिनुभएको छ। अझै पनि सुदूरपश्चिमका नदीमा पानी बहाव बढिरहेको र अझै पूर्वतर्फ सर्दै गएकाले विशेष ध्यान दिन र उपलब्ध स्रोतसाधन र जनशक्ति परिचालन गरी राहत उद्धारमा जुट्न सबै निकायका अधिकारीलाई निर्देशन दिनुभएको छ।

बैठकमा मन्त्रालयको विपद् व्यवस्थापन महाशाखाका प्रमुख हुमकला पाण्डेले देशभरको बाढी, पहिरो र डुबानको क्षतिबारे जानकारी गराउनुभएको थियो। बैठकमा नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, राष्ट्रिय अनुसन्धानका अधिकारीले उद्धार कार्य र सूचना सङ्कलनको प्रगति विवरणबारे जानकारी गराउनुभएको थियो।

बैठकमा गृहसचिव पाण्डेले सूचना प्रवाह महत्वपूर्ण कुरा भएकाले सम्बन्धित विपद् क्षेत्रमा मोबाइलमार्फत जानकारी दिने विषयमा गम्भीर हुन आग्रह गर्नुभयो। सुरक्षा निकायलाई एकीकृतरुपमा परिचालन हुन पनि उहाँले निर्देशन दिनुभयो। उहाँले उद्धार राहत तथा अस्थायी बसोबासको व्यवथापन गर्न पनि मातहतका अधिकारीलाई निर्देशन दिनुभएको छ।

# देशका अधिकांश भू-भागमा वर्षा जारी

काठमाडौँ, २ कात्तिक (रासस)।

बङ्गालको खाडी र मध्य भारतमा रहेको (उत्तरतिर सर्दै गरेको) न्यून चापीय प्रणाली तथा पश्चिमी वायु प्रणालीको संयुक्त प्रभावले नेपालमा वर्षा गराएको छ।

उक्त मौसमी प्रणालीको प्रभावले हाल देशको अधिकांश भू-भागमा सामान्य बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। प्रदेश नं १ र सुदूरपश्चिमका थोरै स्थानमा भारी वर्षा समेत भएको छ। पाकिस्तान, भारत हुँदै नेपाल प्रवेश गरेको पश्चिमी वायु अहिले नेपालको पूर्वी भागतर्फ सरिरहेको छ। यो वायु सुस्त गतिमा अघि बढ्ने भएकाले नेपालमा अझै केही दिन प्रभाव रहने मौसमविद् मञ्जु बसीले बताउनुभयो।

काठमाडौँ उपत्यकामा बदली रहनुका साथै हल्का वर्षा समेत भइरहेको छ। उपत्यकाको आकाशमा बिहानैदेखि कुहिरो लागेको छ। देशको पश्चिमी भेगमा भारी वर्षा भएको छ। महाशाखको पछिल्लो विवरणमा दिपायलमा १६६, डडेलधुरामा १५५, घोराहीमा १३३, भैरहवामा ११२, धनगढीमा ९० र पोखरामा ५६ मिलिमिटर वर्षा भएको छ।

आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिनअनुसार मंगलबार दिउँसो देशभर सामान्यदेखि पूर्णबदली रहनेछ। प्रदेश नं १, प्रदेश नं २ लुम्बिनी, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका धेरै स्थानका साथै बागमती प्रदेश र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली भेगमा हल्कादेखि मध्यम हिमपातको सम्भावना रहेको छ।

साथै, सुदूरपश्चिम प्रदेश र प्रदेश नं १ का केही स्थान र प्रदेश नं २, लुम्बिनी र कर्णाली प्रदेशका एक दुई स्थानमा भारी वर्षाको समेत सम्भावना रहेको छ। रातिको समयमा पनि प्रदेश नं १र लुम्बिनी प्रदेशका थोरै स्थान, बागमती प्रदेश, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेशका एक दुई स्थानमा मेघ गर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। महाशाखाका अनुसार मंगलबार काठमाडौँ अधिकतम तापक्रम २५ र न्यूनतम न्यूनतम तापक्रम १८ दशमलव आठ डिग्री सेल्सियस रहेको छ।

# महाकाली नदीमा पानीको बहाव अहिलेसम्मकै उच्च

कञ्चनपुर, २ कात्तिक (रासस)।

महाकाली नदीको बहाव अहिलेसम्मकै उच्च रहेको छ। मङ्गलवार दिउँसो गरिएको नदीको जलसतह मापनअनुसार पानीको बहाव पाँच लाख ४७ हजार २२४ क्यूसेक पुगेको छ।

पानीको बहाव आठ वर्ष यताकै उच्च हो। नदीको जलस्तर उच्च भएपछि ९२ साल पुरानो सीमा पुल आवतजावतमा पूर्णरुपमा रोक लगाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३५ गण हेडक्वाटर शैलेश्वरीका सशस्त्र प्रहरी उपरीक्षक वीरेन्द्र ऐरले बताउनुभयो। नदीमा पानीको बहाव बढेसँगै महाकाली पुलमा रातो बत्ती बालिएको छ।

पानीको बहाव उच्च बन्दै गएपछि वर्षौं पुरानो पुलसमेत जोखिममा परेको छ। सन् १९२३ मा निर्माण कार्य प्रारम्भ गरिएको पुल सन् १९२९ मा निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको थियो। पुल निर्माणको कार्य सम्पन्न भएपछि नदीको जलस्तर मापनको कार्य हुँदै आएको छ।

सारदा ब्यारेजको रेकर्डअनुसार यसअघि सन् २०13 जनवरी १८ तारिखमा महाकाली नदीको पानीको जलस्तर पाँच लाख ४४ हजार क्यूसेक पुगेको थियो।

सन् १९३५ अगस्ट ३१ मा नदीको जलस्तर पाँच लाख २२ हजार क्यूसेक पुगेको थियो। त्यसपछि सन् २००८ मा चार लाख ६१ हजार ७८८ क्यूसेक पुगेको थियो। पानीको बहाव बढेसँगै सुरक्षा निकायले तटीय क्षेत्रका बस्तीका बासिन्दालाई उद्धार गरी सुरक्षित क्षेत्रमा राख्ने कार्य गरिरहेका छन्।

नदीको पानी भीमदत्त नगरपालिकाको भुजेला, ऐरी, ओदाली, ऐरी, ब्रम्हदेव र दोधारा चाँदनी क्षेत्रका बस्तीमा पसेको छ। सोमबारातिदेखि नै नेपाल प्रहरी, सशस्त्र प्रहरीले स्थानिय बासिन्दालाई सुरक्षित स्थानमा राख्ने कार्य गरिरहेका छन्।

स्थानीय सङ्घसंस्थाले उद्धार गरिएका बासिन्दालाई तत्काल आवश्यक पर्ने राहतका कार्यक्रम सञ्चालन गरेका छन्। महाकाली नदीले तटबन्धसँगै नयाँ बन्दै गरेको पुल जोडने पहुँच मार्ग भत्काउने क्रम जारी राखेको छ। मार्ग भत्कीएमा तटीय क्षेत्रका पूरै बस्ती जलमग्न भई क्षति हुने सम्भावना बढेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)


NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



# चितवन राष्ट्रिय निकुञ्जमा बाक्लै देखिन थाले बाघ

चितवन, २ कात्तिक (रासस)।

मङ्गलबार बिहान चितवन राष्ट्रिय निकुञ्जभित्र पर्यटन व्यवसायी सुमन घिमिरेले बाटोमा हिँड्दै गरेको बाघको भिडियो खिचेर सामाजिक सञ्जालमा राख्नुभयो।

निकुञ्जको कसरासम्म पुगेर सौराहा फर्किने क्रममा जर्नेली पोष्ट नजिकै उहाँ चढेको जिप र बाघको जम्काभेट भयो। बाघको गतिविधिलाई उहाँले नजिकबाट नियाल्ने अवसर पाउनुभयो। उहाँसँगै उक्त जिपमा रहेका अरुले पनि यो अवसर प्राप्त गरे। एकसिङ्गे गैँडाका लागि प्रख्यात निकुञ्जमा भाग्यमानीले मात्रै बाघ देख्न पाउने भए पनि यतिबेला निकुञ्ज घुम्न जाने धेरैले बाघ देखेको बताउने गरेका छन्।

घिमिरेले भन्नुभयो, "अहिले निकुञ्ज घुम्न जाने धेरैले बाघ देख्ने अवसर पाउँछन्।" विगतको भन्दा बाघको चहलपहल अहिले बढेको उहाँको भनाइ छ। निकुञ्जभित्र पर्यटकीय जिपका चालक वीरजङ्ग मुसहरले दसैँको बेला एकै दिन दुई ठाउँमा बाघ देखेको बताउनुभयो।

असोज २८ गते आफू र जिपमा रहेका पर्यटकले भिम्ले पोष्ट नजिकैको नन्दभाउजु तालमा पानी खान जाँदै गरेको बाघ देखेको बताउनुभयो। त्यसै दिन रानीखोलाको बीच बाटोमा पनि बाघ देखिएको उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "तीन/चार वटा जिपमा रहेका पर्यटकले बाघ देख्न पाउनुभयो।" निकुञ्जभित्र झाँडी र गर्मी बढेकाले बाघ खुल्ला ठाउँमा आएको उहाँको भनाइ छ। विगत १९ वर्षदेखि निकुञ्जमा जिप चलाउँदै आउनुभएका मुसहरले यतिबेला बाघ हेर्ने राम्रो अवसर भएको बताउनुभयो।

सौराहा नजिकै रहेको कुमरोज मध्यवर्ती सामुदायिक वनमा गत महिना एक व्यक्तिलाई बाघले खाएपछि समाउने क्रममा राखिएको क्यामराको ट्यापिङमा पाँच वटा बाघ देखिएका थिए। वनका अध्यक्ष गणेशकुमार श्रेष्ठले मानिस खाने बाघ समाएपछि पनि घुम्न जानेहरूले बाघ देख्ने गरेको बताएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "हात्तीमा घुम्न जानेले बाघ देखेको बताएका छन्।" उच्च सावधानी अपनाएर घुम्न वनले अनुरोध गरेको छ। सो वनमा जिप र हात्तीमा सफारी गर्न गरिन्छ। पैदलरूपमा पनि पर्यटक वन र निकुञ्जमा घुम्ने गर्दछन्। निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले केही दिनयता बाघ देखिएको जानकारी आफूलाई प्राप्त भएको बताउनुभयो।

दसैँ अगाडि माडी जाने निकुञ्जभित्रको हुलाकी सडकमा मानिसले तीन/चार वटा बाघ देखेको जनाएपछि हिँड्डुल गर्नेलाई सावधानी अपनाउन भनिएको छ। केही दिन धेरै सवारी जम्मा भएपछिसँगै वारपार गराइएको पनि उहाँले बताउनुभयो। निकुञ्जमा सन् २०१८ मा गणना गर्दा २३५ बाघ भेटिएको थियो। तीमध्ये यस निकुञ्जमा मात्रै ९३ वटा वयस्क बाघ भेटिएका थिए। गणनापछि बाघको सङ्ख्या बढेको हुनसक्ने यसले देखाएको छ। लामो समयपछि निकुञ्ज खुलेका कारण वन्यजन्तुको चहलपहल पनि पर्यटकीय मार्गमा बढी देखिएको हो। निकुञ्जभित्र झाडी भएकाले बाटो नजिक मात्रै वन्यजन्तु देखिने गरेको छ। अबको एक महिनामा टाढाटाढासम्म खुल्ला हुने प्रमुख संरक्षण अधिकृत आचार्यले बताउनुभयो।

यस निकुञ्जमा मुख्य रूपमा एकसिङ्गे गैँडा हेर्न पर्यटक आउने गर्दछन्। पछिल्लो समय बाघ बढी सङ्ख्यामा देखिन थालेको हो। यससँग चितुवा, भालु, हरिण, गौरीगाई, चित्तल, गोही, वँदेललगायतका जनावरसँगै चराचुरुङ्गी हेर्न यहाँ पर्यटक आउने गर्दछन्।

## एक हजार ९६ संक्रमित

काठमाडौँ, २ कात्तिक (रासस)।

नेपालमा पछिल्लो २४ घण्टामा एक हजार ९६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार नौ हजार ९१६ जनामा कोरोना परीक्षण गर्दा एक हजार ९६ जनामा सङ्क्रमण पाइएको हो।

मंगलबार थपिएकासँगै देशभर सक्रिय सङ्क्रमित ११ हजार ८१५ जना रहेका छन्। ५०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला चार र २०० भन्दाबढी सङ्क्रमित भएका जिल्ला १७ रहेका छन्। पाँच सयभन्दा बढी सङ्क्रमण हुने जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर र कास्की रहेका छन्। सङ्क्रमण दर १८.६ प्रतिशत रहेको छ।

पछिल्लो २४ घण्टामा एक हजार चार जना सङ्क्रमणबाट निको भएका छन्। यससँगै नेपालमा हालसम्म सङ्क्रमण सात लाख ८३ हजार ३९७ पुगेको छ। नेपालमा सङ्क्रमणमुक्त हुने दर ९७.१ प्रतिशत रहेको छ।

यसैगरी मंगलबार कोरोना सङ्क्रमणबाट १२ जनाको निधन भएको छ। अहिलेसम्म सङ्क्रमणबाट ११ हजार ३०५ जनाको निधन भएको छ। होम आइसोलेसन १० हजार ८६६, संस्थागत आइसोलेसनमा ९४९ जना , सघन उपचार कक्षमा २६७ र भेन्टिलेटरमा ८६ जना रहेका छन्।

मंगलबार एक लाख ६३ हजार २६ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन्। अहिलेसम्म ८५ लाख ६२ हजार ३६५ पहिलो मात्रा र ६४ लाख ९३ हजार ९८३ पूर्ण मात्राको खोप लगाइसकेका छन्।




राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# विश्व समाचार

## उत्तर कोरियाले फेरि क्षेप्यास्त्र प्रहार गरेको दक्षिण कोरियाको भनाई

सोल, २ कात्तिक (रासस/सिन्ह्वा)।

उत्तर कोरियाले सोमबार एक आणविक क्षेप्यास्त्र (मिसाइल) प्रहार गरेको दक्षिण कोरियाले बताएको छ। समय समयमा आणविक परीक्षण गरिरहने उत्तर कोरियाले सोमबार पनि क्षेप्यास्त्र हानेको बताइएको हो।

यस समाचारलाई विश्वका समाचार समितिले पनि सम्प्रेषण गरेका छन्। दक्षिण कोरियाको सेनालाई उद्धृत गर्दै दिइएको सो समाचारमा उत्तर कोरियाले फेरि पनि क्षेप्यास्त्र हानेको जनाइएको छ।

दक्षिण कोरियाली सेनाका प्रमुखले भनेका छन् कि उत्तर कोरियाले सो क्षेप्यास्त्र हानेको छ र उक्त क्षेप्यास्त्र पूर्वी समुद्रको पानीमा खसेको अनुमान गरिएको छ।

सो क्षेप्यास्त्र समुद्रको पानीमा खसेको र दक्षिण कोरियाको पूर्वीसामुद्रिक तटमा सो क्षेप्यास्त्र खसेको अनुमान गरिएको छ। तर पनि अहिले नै सो ब्यालेस्टिक क्षेप्यास्त्र कति टाढासम्म मार हान्न सक्ने क्षमताको हो भन्ने बारेमा भने केही बताइएको छैन।

यस क्षेप्यास्त्र परीक्षणको बारेमा उत्तर कोरियाले भने प्रारम्भिकरुपमा कुनै जानकारी दिएको छैन। कोरियाले त्यो के कस्तो हो र यसको शक्ति कति हो भन्ने बारेमा उसले कुनै पुष्टि गरेको थिएन।

उत्तर कोरियाले बारम्बार यस्ता क्षेप्यास्त्र परीक्षण गर्दै आएको छ। केही समयमात्र अघि पनि उसले अन्तरमहादेशीय क्षेप्यास्त्र हानेको बताइएको थियो। सो क्षेप्यास्त्र जापानको समुद्रसम्म पुगेर निस्तेज भई खसेको जापानले जनाएको थियो।

## बेलायतमा कोरोना सङ्क्रमण झन् बढ्यो, एकै दिन करिब ५० हजार संक्रमित

लन्डन, २ कात्तिक (रासस/सिन्हवा)।

बेलायतमा पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमित बढ्दै गएको बताइएको छ। यहाँ २४ घन्टा यतामात्र कोरोना भाइरसका करिब ५० हजार सङ्क्रमित भेटिएका छन्।

बेलायतका अधिकारीले कोरोना भाइरसको सङ्क्रमण घट्न नसकेको देखिएको बताएका छन्। सोमबार यहाँ ४९ हजार १५६ जना सङ्क्रमित देखिएको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन्।

यो सङ्ख्या यहाँ महिनौँपछिको सबैभन्दा धेरै हो। पछिल्ला केहीदिनमा यहाँ सङ्क्रमण झन् बढेको पाइएको छ। अधिकारीले बेलायतमा अहिलेसम्म सङ्क्रमित हुनेको सङ्ख्या करिब ८५ लाख पुगेको पनि जनाएका छन्।

यहाँको स्वास्थ्य मन्त्रालयद्वारा जारी वक्तव्यमा उल्लेख गरिएअनुसार यहाँ पछिल्लो २४ घन्टामा ४५ जनाको निधन भएको छ। यो समेतगरी यहाँका एक लाख ३८ हजार भन्दा धेरै मानिसको यो सङ्क्रमणबाट ज्यान गएको छ।

महिनौँपछि यहाँ ठूलो सङ्ख्याका सङ्क्रमित पाइएका भन्दै प्रधानमन्त्री बोरिस जोन्सनले थप सतर्कताका लागि आग्रह गर्नुभएको छ।

यहाँका स्वास्थ्य अधिकारीले यहाँ धेरै समयपछि मृत्यु हुनेको सङ्ख्या पनि बढ्न थालेको बताएका छन्। बेलायतमा कोरोना भाइरसबाट सङ्क्रमित भएकामध्ये सात हजार ७०० जना अझै पनि अस्पतालमै उपचाररत रहेका छन्।

## भारतमा थप १३ हजार ५८ जना संक्रमित

नयाँ दिल्ली, २ कात्तिक (रासस/एएनआई)।

पछिल्लो एक दिनमा भारतमा १३ हजार ५८ जना थप कोरोना भाइरसका सङ्क्रमित थपिएका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। यो सङ्ख्या २३१ दिनयताको सबभन्दा कम भएको पनि सो मन्त्रालयले जनाएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने एक लाख ८३ हजार ११८ रहेको अधिकारीले जनाएका छन् यो सङ्ख्या २२७ दिन यताको सबभन्दा कम भएको पनि जनाइएको छ। हाल सक्रिय सङ्क्रमित सङ्ख्या कूल सङ्क्रमितको ०.५४ प्रतिशत मात्र रहेको मङ्गलबार प्राप्त समाचारमा जनाइएको छ।

कोरोनाभाइरसको महामारी शुरु भएयता हाल सङ्क्रमणमुक्त दर ९८:१४ प्रतिशत भएको मन्त्रालयले मङ्गलबार जनाइएको छ। स्वास्थ्य मन्त्रालयकाअनुसार भारतमा ५९ करोड ३१ लाख व्यक्तिको कोरोनाभाइरसको परिक्षण भएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म ९८ करोड ६७ लाख डोज खोप लगाइएको पनि सो मन्त्रालय जनाएको छ।

# पोर्ताहाको दलित वस्ती डुबानमा



**दैनिक समाचारदाता राजविराज २, कात्तिक ।**

दुई दिन देखिको लगातारको बर्षाको कारण सप्तरीको महुली खोलामा आएको बाढीले बाँध भत्काउँदा पोर्ताहाको दलित वस्ती डुबानमा परेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ३ पोर्ताहाको गिदखोरास्थित महुली नदीको पुलदेखि १० मिटर पूर्व बाँध भत्किदा बाढी वस्तीमा प्रवेश गर्दा करिब ५० घर डुबानमा परेको हो ।

बाढी महुली खोलाको पुलमाथिबाट बगिरहेको अवस्था छ । तत्काले बाँध मर्मत नगरिदा लगातारको बाढीले पोर्ताहा तथा भारदह डुबानमा पर्ने खतरा बढेर गएको छ ।

# लगातारको वर्षाले सर्लाहीका धानबालीमा क्षति

सर्लाही, २ कात्तिक (रासस) ।

आइतबारदेखि लगातारको वर्षाका कारण पाक्नै लागेको धानबालीमा क्षति भएपछि यहाँका किसान चिन्तित छन् । यसवर्ष जिल्लामा ४४ हजार हेक्टर क्षेत्रफलमा धान खेती भएको छ ।

लगातारको पानीले धान बालीमा क्षति पुगेको कृषि ज्ञान केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहले जानकारी दिनुभयो । उहाँले भन्नुभयो " काटेका र काट्न बाँकी रहेका धानबालीलाई पानीले क्षति पुऱ्याएको छ । " जिल्लाका किसानले धान रोप्ने समयमा पनि मल खाद्य नपाएर सास्ती बेहोरेका थिए । किसान जसोतसो पाकेको बाली भित्र्याउने समयमा पानीले धानमा नोक्सान गरेपछि थप मारमा परेका छन् ।

“काटेको धान पानीमा डुब्यो भने दुई/तीन दिनमा टुसा उम्रिन्छ र खान नमिल्ने हुन्छ । अन्य आम्दानीको स्रोत छैन । धान खेतीले गुजारा चलेको थियो । पानीले सबै चौपट गरायो,” हरिवन नगरपालिका- २ का किसान रामपुकार महतोले गुनासो गर्नुभयो । जिल्लामा यस वर्ष एक लाख ७६ हजार मेट्रिक टन फल्ने अनुमान गरिएको थियो । गत वर्षभन्दा यस वर्ष करिब १० प्रतिशत बढी धान फल्ने अनुमान केन्द्रले गरेको थियो । लगातारको वर्षाले केही प्रतिशत उत्पादन घट्न सक्ने आङ्कलन गरिएको केन्द्रका प्रमुख कुशवाहले बताउनुभयो ।

पानीले खेतमा पाकेको धान बटुल्नै नमिल्ने गरी भिजेको छ । धेरै ठाउँमा किसानले धान काटेको दुई दिनमा खेतमा पानी भरिएको छ । धेरै किसानले पाकेको धान काट्न नपाएर खेतमै झर्ने अवस्थामा पुगेको हरिवन-५ का उमेश महतोले गुनासो गर्नुभयो ।

लगातारको वर्षाका कारण पूर्व पश्चिम लोकमार्गका अधिकांश कलभर्टमा पानीको बहाव बढेको र यसबाट सवारी साधन आवतजावत गर्न समस्यामा परेका जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

# बाढीले बगाएर ४० वर्षीय पुरुषको मृत्यु

उदयपुर, २ कात्तिक (रासस) ।

मंगलबार बिहानदेखि आएको निरन्तर वर्षाका कारण उदयपुरको त्रियुगा नगरपालिका- ५ लालपतास्थित बिलाउनेको कोरिया खोलामा आएको बाढीले एक ४० वर्षीय पुरुषलाई बगाउँदा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यलय उदयपुरका अनुसार बाढीले बगाएर मृत्यु हुने पुरुष बिलाउनेका ४० वर्षीय टुकबहादुर खड्का रहेको जिप्रका उदयपुरका प्रहरी नायब उपरीक्षक बेदप्रसाद गौतमले बताउनुभयो । खड्का मंगलबार बेलुकी खोला तरेर पल्लो गाउँ जान खोज्दा खोलाले बगाएको थियो भने खोजी गर्ने क्रममा प्रहरी टोली र स्थानीयले साँझ ६:३० बजे एक किलोमिटर तल खोलाको बगरमा खड्का मृत फेला परेको प्रहरीले बताएको छ ।

अहिले जिल्ला प्रहरीको टोली घटनास्थल पुगेर खड्काको शव सर्जमिन मुचुल्का गरेर परीक्षणका लागि जिल्ला अस्पताल गाईघाट ल्याउने तयारी भएको जिल्ला प्रहरी उदयपुरले बताएको छ । घटनास्थल जिल्ला सदरमुकाम गाईघाटदेखि २५ किलोमिटर दक्षिण सप्तरी र उदयपुर जिल्लाको सिमानामा रहेको प्रहरीले बताएको छ ।

## *हावासँगै लगातारको ...*

स्थानमा पुगेको कृषकहरुले बताएका छन् । बेमौसमी वर्षाले लहलहाउदै धान खेत नै डुबाएको छ भने कतिपय खेतबाट नदी वगिरहेको छ ।

वर्षाका कारण जिल्लामा ठूलै मात्रामा धानबाली क्षति भएको अनुमान गरिएपनि सम्पूर्ण विवरण भने आइनसकेको कृषि ज्ञान केन्द्र राजविराजका बाली अधिकृत दिनेश यादवले जानकारी दिए ।

दुई दिनदेखि निरन्तर चलिरहेको हावाका साथै भइरहेको वर्षाले सप्तरीसहित मुलुकभरका किसानहरु प्रभावित भएका छन् ।

## *वर्षाको पानीको ...*

केन्द्र, शिक्षा समन्वय इकाई शाखा, गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र, नेपाल रेडक्रस सोसाइटी शाखा, घरेलु तथा साना उद्योग कार्यालय, बेल्ही भन्सार लगायतका संघसंस्था र कार्यालय पनि जलमग्न भएका छन् ।

वर्षाको पानीले निकास नपाउँदा राजविराज नगरपालिका ८ स्थित हिमालय टोल, ५ स्थित मिथिला टोल, ७ स्थित खर्साल टोल, ६ स्थित सिरहा रोडको घर घरमा पानी पसेको छ ।

सडक र आसपासमा भएको डुवानले सर्वसाधारणलाई आवतजावतमा समस्या हुनुका साथै यातायातका साधनहरु गुड्न कठिनाई भएको छ ।

# धरानमा पहिराले घर पुरिँदा दुई बालबालिकाको मृत्यु

धरान, २ कात्तिक (रासस) ।

सोमबारदेखि अविरल परेको बर्षाका कारण घर पुरिँदा धरानमा दुई बालबालिकाको ज्यान गएको छ । मृत्यु हुनेमा धरान उपमहानगरपालिका- १३ नागेश्वर मार्ग बस्ने निसान राईकी छोरी आठ बर्षीया निसु राई र चार बर्षीय छोरा निहान राई रहेको इलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

मङ्गलबार दिउँसो १:४५ बजे घरमाथिबाट पहिरो खस्दा निसान राईको टिनको छाना भएको एक तले घर पुरिएको छ । घटनाको जानकारी पाए लगतै इलाका प्रहरी कार्यालय धरानबाट उद्धारका लागि प्रहरी टोली घटनास्थल पुगेको थियो । पुरिएको सो घरबाट प्रहरीले दिउसो साढे ३ बजे दुई बच्चाको शव निकालेको हो ।

# पैगम्बर मोहम्मदको जन्मजयन्ती

काठमाडौँ, २ कात्तिक (रासस) ।

इस्लाम धर्मावलम्बीका अन्तिम पैगम्बर हजरत मोहम्मद सलल्लाहो (रसुल) को १४९६औँ जन्मजयन्ती मंगलबार विभिन्न कार्यक्रम आयोजना गरिएको छ ।

मुस्लिम समुदायको सन्देष्टाका रूपमा मोहम्मदलाई मान्ने गरिन्छ । पैगम्बर मोहम्मदको जन्म साउदी अरबको मक्कामा भएको थियो । पछि साउदी अरबको मदिनामा जानुभयो । उहाँ जन्मेको ५३ वर्षपछि इस्लामिक पात्रो (हिजरी संवत्) सुरु भयो । अहिले हिजरी संवत् १४४३ चलिरहेको छ । हरेक वर्ष हिजरी संवत् १० दिन पर सर्ने गरेको मुस्लिम आयोगका पूर्व अध्यक्ष निर्दोष अलीले बताउनुभयो ।

जगत्‌को सृष्टिदेखि नै पवित्रस्थलमा रहेको मक्का मदिनामा पहिले सबै धर्मावलम्बीले पूजा आराधना गर्ने तीर्थस्थल थिए । मोहम्मदले उपदेश दिने क्रममा यहीँ कुरान अवतरित भएको विश्वास मुस्लिम समुदायको छ । कुरान अवतरित भएपछि यहाँ अरु धर्मावलम्बी कम भए । अनि इस्लाम धर्मावम्बीको मुख्य तीर्थस्थलका रूपमा मान्न थालियो । यसअघि जेरुसेलमलाई इस्लाम धर्मावम्बीको मुख्य तीर्थस्थल मानिन्थ्यो । यसैकारण इस्लाम धर्मावलम्बी जीवनमा एकपटक मक्का मदिनामा गएर हज गर्न चाहन्छन् ।

इस्लाम धर्ममा महत्वपूर्ण योगदान गर्नुभएकाले उहाँको उपदेशलाई सम्झने कार्यक्रम छ । यस अवसरमा ऱ्याली, सभालगायत कार्यक्रम गरिने जनाइएको छ ।


मास्क लगाउनुहोस्
मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं



मास्क लगाऔं
भौतिक दुरी कायम गरौं
बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय सप्तरी

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com,* **वेवसाइट** : *rajbirajdainik.com.np*